प्रदेश सरकार

# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

## विज्ञप्ति

मिति २०८१।०४।२७ गते अन्नपुर्ण पोष्ट राष्ट्रिय दैनिकमा " किसानको दुई रुपैयामा पनि छोडेनन् डेरी र सहकारीले" भन्ने शिपर्कमा प्रकाशित समाचारको सम्बन्धमा यस मन्त्रालयको ध्यान आकर्षण भएको छ ।उक्त समाचारमा यस मन्त्रालयका योजना महाशाखा तथा प्रवक्ताको श्रोत उध्दृत गरी कोशी प्रदेश सरकारले दुग्ध उत्पादक किसानकै हातमा पुग्ने गरी दिएको अनुदान पनि डेरी र दूग्ध सहकारीले किसानको हातमा पुग्नु अघि नै फर्जी कागजात बनाएर खाईदिएको खुलेको छ भनी प्रेषण गरेको समाचारमा सत्यता नरहेको जानकारी गराउदछौ ।

किसानहरुलाई दुध उत्पादनका आधारमा प्रति लिटर दुई रुपैयाका दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको र उक्त अनुदान प्राप्त गर्न आवश्यक कागजातहरु उपलब्ध नगराउने, किसानको खातामा सिधै रकम भुक्तानी गर्न आनाकानी गर्ने डेरी तथा दूग्ध सहकारीहरुलाई अनुदान वितरणका लागि छनोट नगरिएको तथा छनोट भएर पनि किसानलाई रकम उपलब्ध गराउन ईच्छा नदेखाउनेहरुलाई कुनै पनि रकम उपलब्ध गराईएको छैन । तसर्थ पारदर्शि ढंगबाट किसानलाई उनीहरुको खातामा सिधै रकम उपलब्ध गराउन सहजिरकण गर्ने

डेरी तथा दूग्ध सहकारीहरु मार्फत मात्र अनुदान उपलब्ध गराईएको र फर्जी कागजात बनाएर कुनै पनि डेरी तथा दूग्ध सहकारीहरुले अनुदान रकम भुक्तानी नपाएको जानकारी गराउदछौ । यसरी वास्तवीकता भन्दा फरक फर्जी कागजात तयार गरी डेरी र दूग्ध सहकारीहरुले किसानको अनुदान रकम खाईदिएको भनी ब्यवस्थित रुपमा दुध संकलन, प्रसोधन र बजारिकरण गर्ने डेरी र दूग्ध सहकारीहरुको मनोवलमा समेत आँच पुग्ने गरी समाचार सम्प्रेषण भएकोले मन्त्रालय यसको खण्डन गर्दछ साथै यस प्रकारको गलत क्रियाकलाप भएको भए मन्त्रालय त्यस्ता कार्य गर्नेहरुलाई कृषि ब्यवसाय प्रवर्द्धन ऐन, २०७७ अनुसार कारवाही हुने समेत जानकारी गराउन चाहान्छौ ।

यस मन्त्रालय मातहत निकायबाट कृषि अनुदान प्रवाह गर्दा प्रदेश कृषि ब्यवसाय प्रवर्द्धन ऐन, २०७७, नियमावली २०७८ तथा मापदण्डका प्रावधान अनुसार सार्वजनिक सूचना प्रवाह गरी अनुदानग्राही छनोट हुने, छनोट भएका अनुदानग्रीको नाम सात दिन सम्म सार्वजनिक रुपमा दावी विरोधका लागि प्रकाशन गरी तत पश्चात मात्र संझौता हुने, संझौता अनुसार काम सम्पन्न भएको स्थलगत रुपमा अनुगमन गरी सम्पन्न कामको मात्र भुक्तानी हुने ब्यवस्था रहेको र अनुदान प्राप्त गर्नेहरुको नाम, ठेगाना र सम्पर्क नम्बर सहितको विवरण मन्त्रालयको वेभसाईटमा साउन महिनामा प्रकाशन गर्ने गरिएको छ ।

साथै बहुसंख्यक किसानहरुमा अनुदानको प्रवाह होस् भन्ने उद्धेश्यले प्रदेश सरकारले विगतमा उपलब्ध गराउदै आएको अनुदान हटाई प्रदेश सरकारले चालु आ.ब. २०८१/८२ बाट कृषि कर्जामा लिएको ब्याजमा अनुदान उपलब्ध गराउने नीति लिएको जानकारी गराउदछौ ।साथै समाचार सम्प्रेषण तथा प्रकाशान गर्दा वास्तवीक तथ्यमा आधारित भई गर्नुहुन समेत अनुरोध गर्दछौ ।

२०८१।०४।२८

प्रवक्ता

मिति: २०८१।४।२८